**सम्झनाको गर्भमा सङ्गीतकार शरण प्रधान**




प्रकाश सायमी
हालः भरतपुर

'म अभागीको दुस्मनै हाँसोस्
बरु मेरो आशिषै  लागोस्
बिन्ती छ दैव नि लै लै
भाग्य लेख्नेको हातै भाँचोस् है.....'

आफ्ना प्रतिभाशाली पति शरण प्रधानको सङ्गीत र रचनामा गाएको यस गीतको रेकर्डिङको एक महिनापछि अरुणा लामाको जीवनमा स्वभावतः अभागीको कर्मरेखा कोरियो– मे  ४ तारिख सन् १९७४ मा तीस वर्षको उमेरमा । तीस वर्षको कम उमेरमा आफ्नो महायात्रा तय गर्ने गीतकार-सङ्गीतकार शरण प्रधानका बारेमा नेपालको राष्ट्रिय दैनिक २०३१ साल जेठ १० गते यस्तो लेख्छ–
"......दार्जीलिङ निवासी श्री शरण प्रधानको गत वैशाख २० गते उहाँको निवासस्थानमा हृदयगति बन्द भएर देहावसान भएको थियो । उहाँ तीस वर्षको हुनुहुन्थ्यो । उहाँका एक छोरा, एक छोरी र श्रीमती -गायिका अरुणा लामा) छन् ।...."

गोरखापत्रको भाषामा त्यतिबेला शरण प्रधानको सम्झनामा एउटा स्मृतिसभा गरिएको थियो– अम्बर गुरुङ, मास्टर रत्नदास, नारायणगोपाल गुरुवाचार्य, नातिकाजी श्रेष्ठ, भूपि शेरचन र ईश्वरवल्लभको सक्रियतामा । यसपछि र यसअघि इतिहासको कुनै पनि कालखण्डमा शरण प्रधानलाई सम्झने र सम्झना दोहोर्‍याउने काम कतैबाट भएन, न परिवारबाट, न साङ्गीतिक समूहबाट, न सहृदयीबाट, न त लाखौंलाख पुरस्कार बाँड्दै हिँड्ने सङ्घ-संस्थानबाट ।

त्यसकारण उनलाई यहाँ खोजखनिज गर्ने काम गरियो– उनको प्रस्थानको सत्ताइस वर्षपछि । यो सत्ताईस वर्षको लामो आरेखमा नेपाली सङ्गीतक्रममा आकाश-पातालको  परिवर्तन भइसक्यो । त्यसबाहेक–

– नेपालमा कलाकर्मीहरूलाई रोयल्टी दिन थालियो ।
– कलकत्ता र मुम्बईबाहेक नेपालभित्रै असङ्ख्य रेकर्डिङ स्टुडियो खुले ।

– नेपाली सङ्गीतका अघिल्लो पुस्ताका कीर्तिस्तम्भ मास्टर रत्नदास प्रकाश लगायत जितेन्द्र बर्देवा, नारायणगोपाल गुरुवाचार्य, गोपाल योञ्जनका साथै पछिल्लो पुस्ताका अरूण थापाले बिदा लिइसके भने उनकै कथा-व्यथाको इतिहास बोकेर बस्ने जीवनसङ्गीनी अरूणा लामाले 'जीवनसाथी'-को भूमिका त्यागिसकिन् ।

– अब एउटा कथा बाँकी छ – शरण प्रधान को हुन् ?

शरण प्रधानलाई सम्झेर एकदिन उनकै गुरु ईश्वरवल्लभले भने– "बाबुआमाले करोडौं रुपियाँ राखिदिएका नेपाली त थोरै नै छन्, लाख-दशलाख राखिदिएका त कमै छन् तर यिनले बेन्जोलाई मेन्डोलिन बनाउन्जेलको यात्रालाई भाषागत प्रसादगुण तथा लक्षण र उपमा भनेर लिन सक्छन् । सत्य के हो भने, बेन्जोलाई मेन्डोलिन बनाउन शरणले साह्रै नै सङघर्ष गरेको थियो अर्थात् ब्न्जोबाट मेन्डोलिनसम्म यात्रा गर्दा यसले कष्ट सहेका थियो । त्यो वास्तविक सत्यतासित जुध्न उसलाई साह्रै  कठोरता अनुभव गर्नुपरेको थियो, यो यथार्थिकता तिनीहरूले बुझ्दैनन् ।

उनीहरूसित त सद्भावनाका शब्दहरू मात्र छन् । शरणको मेन्डोलिनबाट निक्लेको स्वरले चिच्याएको अनुभव सुन्ने शक्ति भएको कान छैनन् ।"

सम्भवतः त्यो 'सुन्ने शक्ति भएका कान' अझै पनि बनेका छैनन् जसले शरणका संरचनाहरू त सुन्छन्, उनलाई बिर्सन्छन् । सम्झनुपर्ने हुन्छ उनका यी कालजयी गीतहरूः

मान्छे सबै एउटै रगतको......
(प-सा- । साँ प पनि साँ र । नि-ध, म । ध ध-प-।)
मैले जीवनलाई कसरी सजाएँ...
(ग-म ग ग । प-प-प । धसा रेग गर साँ, रे । नि-ध)
आँखाहरूले कसलाई -कसलाई खोजे झैँ लाग्छ....
(ग म ध प म- । प...)
यो बैनीको माया....
(ग । म धसा रेग रे । ग- -म । ग...)

सी स्यार्पमाइनर २/४ 'मान्छे सबै एउटै रगतको' होस् वा बी मेजर ५/८ मा 'मैले जीवनलाई कसरी सजाएँ' होस् वा फ्ल्याट मेजरमा मणिकमल क्षेत्री र अरुणा लामाको युगलबन्दीमा 'आँखाहरूले कसलाई ...' होस्, हरेक सङ्गीतमा शरणले सरल सुनियोजित ढङ्गबाट स्वरलाई बाँधेर मीठामीठा गीतहरू जन्माएका छन् । गीतरचनाका हिसाबले पनि शरणलाई उनका समकालीनहरूले छुन नसकेका कुरा मणिकमल क्षेत्रीले अजम्मरी गीतसङ्गीतको स्रष्टा साप्ताहिक (रेडियो सगरमाथा)-मा दोहोऱ्याएका छन् भने उनका सहधर्मी सङ्गीतकार गोपाल योञ्जनको भनाइमा "अम्बर गुरुङको सङ्गीत स्कुलमा हुर्के पनि पछि गएर शरणले गीतसङ्गीत रचनामा आफ्नै व्यक्तित्व खडा गऱ्यो । शरणको सङ्गीतशैली सरल, सोझो, मौलिक तथा सर्वग्राह्य र चित्ताकर्षक सुनिँदासुनिँदै पनि उसको स्वरगठन जटिल र उच्चस्तरीय हुन्छ, जुन अरुणाजत्तिकै श्रेष्ठ गायिकाले मात्रै सफलतासित अभिव्यक्त्याउन सकेकी हुन् ।"

अम्बर गुरुङकी प्रियंवदा गायिका अरुणा लामाको एकल गायनमा आफ्नो साङ्गीतिक संसार थालेका प्रधानले आफ्नो प्रारम्भिक खण्डका बारेमा जीवनको अन्तिम बेलातिर गीतकार विश्ववल्लभलाई दिएको वार्तासार यस प्रकार छ :

"...आमाले नै मेन्डोलिन किनेर सङ्गीत सिक्ने प्रेरणा दिनुभयो र मेन्डोलिन लिएर मैले आफ्नै कोसिसले आफै सिक्न थालेँ र पछिबाट यसरी सिक्दासिक्दै मैले श्री अम्बर दाइ(अम्बर गुरुङ)-सँग भेट्ने मौका पाएँ । अम्बर दाइसँग भेटेपछि स्टेजहरूमा धेरै कार्यक्रमहरूमा भाग लिन थालेँ । अम्बर दाइले नै मलाई धेरै प्रेरणा दिनुभएको हो । सिस्टमेटिक म्युजिक कसरी बजाइन्छ, सिकिन्छ इत्यादि उहाँबाटै सिकेँ । त्यतिबेला म आर्ट एकेडेमीमा थिएँ । त्यसपछि मैले रेकर्डिङमा अम्बर दाइसित 'ए कान्छा मलाई सुनको तारा खसाइदेऊ न' (स्वरः रुद्रमणि गुरुङ र अरुणा लामा, शब्दः पासाङ बाडवल) र अम्बर दाइको कालजयी गीत 'म अम्बर हुँ तिमी धर्ती' इत्यादि गीतहरूमा मैले मेन्डोलिन बजाउने मौका पाएँ । त्यसरी कलकत्तामा गएर मेन्डोलिन बजाएपछि आफैलाई पनि एक प्रकारले गर्व लाग्यो, आत्मविश्वास पनि बढेर आयो ।"

अम्बर गुरुङको आर्ट एकेडेमीमा एक वाद्यवादकका रूपमा अनुसेवी शरण प्रधानले अम्बर गुरुङ लोकमनोरञ्जन शाखाका सङ्गीत-निर्देशक भएर गएपछि आफ्नै संयोजकत्वमा अर्कै साङ्गीतिक समूह खोलेको कुरा २०२१ सालको 'गोरखापत्र' दैनिकमा सार्वजनिक गराएका छन्, यसरी–
"....र हामीले अम्बर दाइको प्रस्थानपछि अर्कै एउटा संस्था 'सङ्गम' नाम गरेर खोल्यौं । यस संस्थाबाट सर्वप्रथम हामीले रेकर्डिङ गऱ्यौं 'यहाँ फूल नखिलेछ...' । अरुणाको स्वरको यस गीतलाई जनताले साह्रै रुचाए र त्यसपछि कम्पनीका लागि हामीले रेकर्ड गरेका थियौं– 'हेर न हेर कान्छा, डाँडालाई फूलले ढाक्यो' भन्ने गीत जुन जनताले खुब रुचाएका गीतहरू हुन् ।"
'सङ्गम' समूहका एक सदस्य गीतकार जितेन्द्र बर्देवा र अरुणा लामाको युगल स्वरबन्दीमा प्रतिस्थापित यस गीतले नारायणगोपाल र तारादेवीको युगल गीत 'ए कान्छा ठट्टैमा यो बैंस जान लाग्यो'-सँग स्वस्थ प्रतिस्पर्धा गरेको थियो भने अम्बरकै संरचनाको 'ए कान्छा मलाई सुनको तारा खसाइदेऊ न'-सँग नैरन्तर्य राखेको थियो ।

सन् १९४३ मे ४ तारिखका दिन पश्चिम बङ्गालस्थित दार्जीलिङ स्टेसनमा श्री तथा श्रीमती हर्कबहादुर प्रधानका एकमात्र सन्तानका रूपमा जन्मेका शरणकुमार प्रधानले किशोरवयमै सङ्गीताञ्चलमा प्रवेशिए पनि वैवाहिक जगत्मा एक्काइस वर्षको उमेरमा आगमन गरे– आफ्नै सहकर्मी गायिका अरुणा लामासित । १७ जुलाई १९६४ का दिन अरुणासित पतिदेवका रूपमा बस्न सुरु गरेका शरणले एक दशक पनि उनीसित भूमिका निर्वाह गर्न पाएनन् । यो एक दशकमा उनले अरुणासित मिलेर एक छोरी (सपना) र एक छोरा (सुप्रीत)-लाई जन्म दि एभने कैयन् अजम्मरी गीतहरूलाई हुर्काए पनि ।

कमभन्दा कम गीत-सङ्गीत रचेर आफ्नै अग्रजलाई चुनौती दिन सक्ने शरणले आफ्ना समकालीनहरूका निम्ति पाठ सिकाइदिए । भनेका पनि छन्, उनका प्रथम गुरु अम्बरले–
"....शरण एक दुर्लभ सङ्गीतकार हुन् । फ्रचान्ज सुवार्ट ३१ वर्षको कलिलो उमेरमा गए र प्रायः झन्डै त्यही उमेरमा शरण प्रधानको दुःखमय निधन भयो । सुवार्ट पाश्चात्य सङ्गीतकलाका अतुलनीय  प्रतिभा थिए र नेपाली सङ्गीतको पृष्ठभूमिमा शरण प्रधानको भूमिका पनि कम छैन ।

हुन त शुवार्टको दाँजोमा शरणले मेजर वर्कहरूतिर  त्यति ध्यान दिएनन् तर सरल सङ्गीतको सन्दर्भमा भन्ने हो भने कुनै पनि नेपाली सङ्गीतकारको भन्दा शरणको स्थान सानो हुन सक्दैन।"

आदरणीय गुरुको दावाअनुसार शरणले सुरुआतदेखि त्यही रणनीति अपनाए। आफ्नो पहिलो सङ्गीत कार्यान्वितिमा समकालिकतामै हमला गरे र त्यही कृतिले उनलाई अजर-अमर बनाइदियो। सन् १९६३ तिर धुनबद्ध गरिएको जितेन्द्र बर्देवाको 'यहाँ फूल नखिलेछ.....बहार आउन नै भुलेछ' गीत नै शरणको 'ट्रम्प कार्ड' रह्यो। दार्जीलिङ जिल्लामा भएको सङ्गीतप्रतियोगिताका निम्ति जितेन्द्र बर्देवाले तीन घण्टा ल्वोयड  फूलबारीमा घुमेर लेखेको यो गीत अरुणा र दिलमाया खातीको स्वरप्रतियोगितामा प्रथम भएको थियो भने शरण-रञ्जित र कर्म-गोपाल योञ्जनको प्रतिद्वन्द्विताको अर्को झलक पनि हो। यस गीतले शरण र अरुणालाई एउटा परिचय दियो भने साङ्गीतिक हिसाबले यस परिचयले एकाकी गायनको पीडा (अरुणा शैलीका गीतहरू) बोकेको पाइन्छ। शरणको भाषामा यो डेड म्युजिक पनि हो। डेड म्युजिकलाई यहाँ मृतसङ्गीत नभनी संरचनाका आधारमा डी मेजर, इ मेजर, ए मेजर र डी मेजर (डेड)-मा धुनबद्ध गरिएको साङ्गीतिक रचनाले शरण-अरुणाको जन्म भएको मानिन्छ।

शरण-अरुणा-रञ्जितको त्रिवेणीमा पछिल्लोपटक मणिकमल क्षेत्रीको आगमन हुन्छ– युगलगीतबाट। दार्जीलिङमा काउब्वाय शैलीको सिनेमा 'द म्याग्निफिसेन्ट सेभन'-को प्रदर्शनपछि रचिएको यस गीतमा दार्जीलिङकै बतासे डाँडाको देन पनि छ– कथाकार पटिर जे. कार्थकको सम्झना हो यो। पासाङ बाङ्देलको 'हेर न हेर कान्छा डाँडालाई फूलले ढाक्यो' गीतको सफलतामा अरुणा र जीतेन्द्र बर्देवाको स्वरमा माधुर्यसँगै रचनाकारिताको नमूना पनि अद्वितीय नै थियो, सविशेष यस चरणमा केटा :  आकाशधर्ती साक्षी छ

हृदयको माया तिम्रै हो
यो जीवन मात्रै होइन
अर्को जीवन पनि तिम्रै हो

केटी :  जीवन हाम्रो एकबाजी
फुलेको सम्झ मायामा
हृदयको माया मेरो
एकबाजी सुम्पेको सम्झ न

युगल गीतमा यसपछि आफ्नो छाप र पहिचान जोड्ने शरण र आफ्ना सहयोगी रञ्जितसँगको यात्रामा तनमनले जुट्दै गए– अरुणाको स्वर आफ्ना शब्दमा। रचनामा भावदशा र वैयक्तिक जीवनदर्शन पोख्न रुचाउने शरण सङ्गीतमा आधुनिकता मन पराउँथे भन्ने तथ्य उनले देहान्त हुनु एकदिनपूर्व सारङ्गी परिवारका निम्ति अजित निराशालाई दिएको वार्ताबाट पुष्टि हुन्छ। उनले भनेका छन्– "पाश्चात्य सङ्गीतको ताल (रिदम)-साज र टेक्निक आदि उपयुक्त तरिकासित अपनाएर नेपाली सङ्गीतमा नवरूप ल्याउनु अत्युक्ति होइन तर 'आफ्नोत्व'-चाहिँ लोप नहोस्।"

दार्जीलिङे सङ्गीत र आधुनिकताका बारेमा आफ्नो निर्वैयक्तिक अभिमत राख्ने गीतकार-सङ्गीतकार शरणको भनाइ यस्तो छ– "हाम्रो दार्जीलिङे नेपाली सङ्गीतमा यस्तो आधुनिकता ल्याउने र हामीलाई बाटो देखाउने श्रेय त अम्बर दाइलाई दिइनुपर्छ । तर यसरी आधुनिकीकरण गरेर पाश्चात्य सङ्गीतको हार्मोनाइजेसन, काउन्टर अनि रिदमका सहयोगले हाम्रो गीतमा मिठास भर्न पनि असाध्यै असल हुन जान्छ जसरी 'मलाई माफ गरिदेऊ' भन्ने गीतमा गोपाल योञ्जनज्यूले एउटा बल्दो उदाहरण थप्नुभएको छ ।"

सङ्गीतमा अरूको प्रयोग र परम्परालाई स्वीकार्न सक्ने सङ्गीतकार शरण एकमात्र यस्ता साधक हुन् जसको गीत लोकगीत बन्न पुग्यो उनको जीवनकालमा । त्यो गीत हो उनकै रचना र सङ्गीतको 'जोबन गयो बैंस त गएन लै-लै, यो जोबनलाई सलाम, यो बैंसलाई सलाम' । यसबाहेक 'म आँखैमा राखिने योग्य कहाँ छु,' आकाशको प्रीत धर्तीको गीत,' 'शीतल पवनले बगाइल्यायो', 'जोबनमा जोगिएर', 'मलाई आँखैमा राख्नु पर्दैन है'-जस्ता अजर-अमर गीत रच्ने शरणको प्रस्थानको एक वर्षपछि सङ्गीतकार शान्ति ठटालले आफ्नो संस्मरणमा लेखेकी छन्:

" शरणका प्रायः गीतहरू वेदनाले आर्द्र छन् । भनौँ केही दुःखकारी छन् । मनोरञ्जनार्थ उच्छृङ्खलता प्रायः छैन । तथाकथित पश्चिमेली पप स्टाइल त झन् उसले रच्नेबारे सोचेन पनि होला । सरल, साधारण जनजीवनलाई हुने शब्द र लोकधुनबाट ज्यास्तै प्रभावित शरणको झुकाव रागभन्दा बढी रागिनी -माइनर नोट्स)-प्रति थियो । यसो भनौँ उसका प्रत्येक गीतहरूले माइनर नोट्सलाई नछोई छाड्दैनथ्यो । उसको जीवनको बिहानी रचनाहरूमा 'यहाँ फूल नखिलेछ' लोकप्रिय भयो नै, 'मैले जीवनलाई कसरी सजाएँ', मलाई साह्रै मन पर्ने गीत हो । म प्रश्न गर्थे उसलाई– "तमीले यो गीत किन रच्यौ ? यो गीत त मैले लेख्नुपर्ने ।"

सोध्नुपर्ने एउटा प्रश्न अझै बाँकी रह्यो । शरणको प्रस्थानपछि अरुणाको स्वरमा पीडाको भार थपियो वा शरणको अभावमा अरुणा अझै राम्री गायिका भइन् भन्ने सङ्गीतसमीक्षकहरूको भनाइ छ । शरणको सङ्गीतमा पनि तिनी त्यतिकै राम्री गायिका कसरी रहिन् ?

त्यसैले शरण आफ्ना गीतमा यस्तो पनि लेख्छन् :

म आँखैमा राखिने योग्य कहाँ छु
मलाई सम्झी टिठ्याउने योग्य कहाँ छु
म भूल हुँ सुधारिने योग्य कहाँ छु

कुनै दिन जब मैले सबैलाई रिझाएँ
त्यहीँ म किन आज सबलाई बिझाएँ
म मान्छे हुँ मान्छेलाई माया चाहिन्छ
मेरो जीवनलाई पनि साथी चाहिन्छ
तर साथी बन्ने म योग्य कहाँ छु
कसैको माया पाउने योग्य कहाँ छु

उदास मेरो मुहारमा मुस्कान जँचेन

ऐनामा म हाँस्दा आफैलाई चिनिनँ
दुःखको उदाहरण मेरै जीवन होइन
खुसीमा के मेरो अधिकार नै छैन
यी प्रश्न उठाउने म योग्य कहाँ छु
कसैको माया पाउने योग्य कहाँ छु